ग्र

# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं जेठ १८ गते २०३३ साल**

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

पर्यटन उद्योग (पाँचौं संशोधन) नियमावली, २०३३

पर्यटन उद्योग नियमावली, २०२२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन उद्योग ऐन, २०२१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम "पर्यटन उद्योग (पाँचौं संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पर्यटन उद्योग नियमावली, २०२२ को नियम ३ मा संशोधन: पर्यटन उद्योग नियमावली, २०२२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :–

632



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. ट्राभेल एजेन्सीको लागि दर्ता गर्नुपर्ने र त्यसको लागि चाहिने पूंजी र धरौटीः (१) ट्राभेल एजेन्सीको लाईसेन्स लिन चाहने व्यक्तिले कम्तिमा पाँच लाख रूपैयाँको पूंजी भएको फर्म वा कम्पनी प्रचलित नेपाल कानूनबमोजिम दर्ता गराउनु पर्नेछ ।

(२) ट्राभेल एजेन्सीको लाईसेन्स पाउने व्यक्तिले पचास हजार रूपैयाँ विभागको खातामा धरौटी राख्नु पर्नेछ ।"

३. मूल नियमावलीमा नियम ३क. थपः मूल नियमावलीको नियम ३ पछि देहायको नियम ३ क. थपिएको छः–

"३ क. ट्राभेल एजेन्सीमा अनुभवी व्यक्ति रहनुपर्नेः ट्राभेल एजेन्सीमा देहायको अनुभव प्राप्त गरेको कम्तिमा दुई जना व्यक्ति हुनु पर्नेछः–

(क) कुनै ट्राभेल एजेन्सीमा कम्तिमा पाँच वर्षसम्म कार्यकारी सञ्चालक वा प्रवन्धक भई व्यवस्थापनसम्बन्धी अनुभव प्राप्त गरेको, वा

(ख) शाही नेपाल वायु सेवा निगम वा अन्य कुनै हवाई सेवामा कम्तिमा पाँच वर्ष अधिकृतस्तरमा रही अन्तर्राष्ट्रिय टिंकेटिङ्गसम्बन्धी अनुभव प्राप्त गरेको ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः–

"५. दरखास्तमा खुलाउनु पर्ने विवरणहरूः– ट्राभेल एजेन्सीको लाईसेन्स लिन चाहने व्यक्तिले देहायका विवरणहरू समेत खोली अनुसूची– १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः–

(क) लाईसेन्स प्राप्त गरेको पाँच वर्षभित्र कुन कुन देशहरूबाट के कति संख्यामा पर्यटकहरू ल्याउने कार्यक्रम छ ।

(ख) खण्ड (क) बमोजिमको कार्यक्रमबाट के कति परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने अनुमान छ ।

(ग) प्रस्तावित ट्राभेल एजेन्सीको नेपाल अधिराज्य र विदेशमासमेत कति शाखाहरू रहनेछन् र त्यस्तो शाखाहरू लाईसेन्स पाएको मितिले कति समयभित्र कहाँ कहाँ खोल्ने कार्यक्रम छ ।

(घ) कुनै अन्तरराष्ट्रिय ट्राभेल एजेन्सीसित वा अरू त्यस्तै कुनै विदेशी संस्थासंग सम्पर्क राख्ने भए त्यसको विवरण ।

(ङ) प्रस्तावित ट्राभेल एजेन्सीमा कति जना स्वदेशी र कति जना विदेशीलाई नियुक्त गरिने हो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) प्रस्तावित ट्राभेल एजेन्सीमा ट्राभेल एजेन्सीसम्बन्धी काममा पाँच वर्ष वा सोभन्दा बढी अनुभव प्राप्त व्यक्तिहरूको नाम, थर, वतन र निजहरूको अनुभवको विवरण ।

(छ) नेपालमा दृश्यावलोकन गराउने अधिकतम तथा न्यूनतम पर्यटकको संख्या, सवारीको संख्या र सवारी प्रयोग गर्दाको दर रेटको विवरण।

(ज) आफ्नो कारोवार चलाउन आवश्यक पर्ने साधनहरूको विवरण र त्यस्तो साधनहरू के कति समयभित्र उपलब्ध गर्ने ।

५. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उप–नियम (१) मा रहेको "पाँच सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीमा नियम ६ क. थपः मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६ क. थपिएको छ :–

"६ क. ट्राभेल एजेन्सीको हुनुपर्ने सम्पत्तिः ट्राभेल एजेन्सीले लाईसेन्स प्राप्त गरेको मितिले एक वर्षभित्र आफ्नो अचल सम्पत्ति र ट्राभेल एजेन्सी संचालन गर्न आवश्यक सरसामान गरी कम्तिमा पाँच लाख रूपैयाँ बराबरको सम्पत्ति हुनु पर्नेछ ।"

७. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :–

"७. लाईसेन्स बहाल राख्ने म्याद र त्यस्को नवीकरणः (१) ट्राभेल एजेन्सीको लाईसेन्सको म्याद पाँच वर्षको हुनेछ र म्याद समाप्त भएपछि पुनः नवीकरण गराउन सकिनेछ ।

(२) ट्राभेल एजेन्सीको लाईसेन्स नवीकरण गर्न चाहने व्यक्तिले त्यस्तो लाईसेन्सको म्याद समाप्त भएको पैंतीस दिनभित्र दरखास्त दस्तूर बापत दश रूपैयाँ राखी विभागमा दर्खास्त दिनुपर्छ र त्यस्तो दर्खास्त प्राप्त भएपछि सम्बन्धित एजेन्सीले गरेको प्रगति र कारोबारको सम्बन्धमा विभागले जाँचबुझ गर्दा लाईसेन्स नवीकरण गर्न उपयुक्त ठहराएमा पाँच सय रूपैयाँ नवीकरण दस्तूर बुझिलिई प्रत्येक पटक पाँच वर्षको अवधिको निमित्त नवीकरण गरी दिनेछ ।

(३) उप–नियम (२) बमोजिमको नवीकरण गर्ने म्याद नाघेपछि लाईसेन्स नवीकरण गर्नको लागि दर्खास्त दिएमा उप–नियम (२) को अधीनमा रही देहायको अवधिको निमित्त नवीकरण दस्तूरमा देहायको थप रकम बुझिलिई विभागले लाईसेन्स नवीकरण गरी दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नवीकरण गर्ने म्याद नाघेको दिनदेखि दुई महीनासम्म एक हजार रूपैयाँ

(ख) खण्ड (क) को म्याद नाघेको दिनदेखि चार महीनासम्म पच्चीस सय रूपैयाँ।

(४) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम लागू हुनुभन्दा अघि प्राप्त गरेको ट्राभेल एजेन्सीको लाईसेन्स सोही लाईसेन्समा तोकिएको म्याद-सम्म बहाल रहनेछ र सो म्याद समाप्त भएपछि यसै नियमबमोजिम नवीकरण गराउनु पर्नेछ। यसरी लाईसेन्स नवीकरण गराउँदा नियम ३ को उप-नियम (१), (२) र नियम ६ क. बमोजिमको व्यवस्था पूरा गरेको भएमा मात्र त्यस्तो ट्राभेल एजेन्सीको लाईसेन्स नवीकरण गर्न सकिनेछ।"

८. मूल नियमावलीमा नियम १० क. थप : मूल नियमावलीको नियम १० पछि देहायको नियम १० क. थपिएको छः-

"१०क. ट्राभेल एजेन्सीको मालसामान बेचबिखन गर्नमा प्रतिवन्ध : कुनै पनि ट्राभेल एजेन्सीले श्री ५ को सरकारबाट परिवर्त्य विदेशी मुद्राको वा अरू कुनै किसिमको सहूलियत पाई खरीद गरेको मालसामान विभागको स्वीकृती नलिई कसैलाई बेचबिखन गर्न वा दान बक्स दिन पाउने छैन।"

९. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ।

"१८. गाईडको लाईसेन्सको ढाँचा र पारिश्रमिक : गाईडको काम गर्ने व्यक्तिलाई दिइने लाईसेन्स (परिचय-पत्र) को ढाँचा र गाईडको पारिश्रमिक अनुसूची ५ बमोजिम-को हुनेछ।"

१०. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छः-

"१९. लाईसेन्सको नवीकरण गर्ने वा हराए नासिएमा नयाँ लाईसेन्स दिने : (१) गाईडको लाईसेन्स प्राप्त गरेको व्यक्तिले त्यस्तो लाईसेन्सको म्याद नवीकरण गर्न चाहेमा त्यस्तो लाईसेन्सको म्याद समाप्त हुनु अगावै दर्खास्त दस्तूर बापत दश रूपैयाँ राखी विभागमा दर्खास्त दिनुपर्छ र त्यस्तोमा विभागले लाईसेन्स नवीकरण गरी दिने ठहरायमा प्रत्येक पटक दुई वर्षको अवधिको निमित्त नवीकरण गरी दिनेछ।

(२) उप-नियम (१) बमोजिम नवीकरण गर्ने लाईसेन्सको म्याद नाघेपछि लाईसेन्स नवीकरण गर्नको लागि दर्खास्त दिएकोमा लाईसेन्स नवीकरण गर्न